annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३५० पृष्ठ ८ | काठमाडौं, शनिबार १३ वैशाख २०८२ | वैशाख कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४५ | SATURDAY, APRIL 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# आहा ! यस्तो होस् गाउँपालिका

## हिजो हेपिएको मुखियापट्टी मुसहरनिया, आज नमुना पालिका बन्दै







धनुषा जिल्लामा रहेको गाउँपालिका हो, मुखियापट्टी मुसहरनिया । यो आर्थिक, सामाजिक र विकास निर्माणका हिसाबले पछाडि परेको छ । मुसहरनिया शब्द आफैंमा अपहेलित मानिन्छ । मुसहर समुदायका महिलालाई हेपेर प्रयोग गरिने शब्दको रूपमा यसलाई लिइन्छ । यसरी देशैभरमा हेपिएको, पिछडिएको र दुर्गमको छवि बनाएको यस गाउँपालिका पछिल्लो समय आफ्नो उक्त पहिचान परिवर्तनमा लागेको छ । उत्कृष्ट कार्य योजनाहरूले गर्दा गाउँपालिकामा साँच्चै सिंहदरबार भित्रिएको अनुभूति त्यहाँका जनताले गर्न थालेका छन् ।

समाचार पृष्ठ २

मनिका झा | *जनकपुरधाम*

– को रिपोर्ट

## ‘गठबन्धनमा समस्या छैन, सबै हल्ला हो’



**राधा खनाल** | *काठमाडौं*

प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सत्ता गठबन्धनमा कुनै समस्या नभएको स्पष्ट पारेका छन्।

शुक्रबार थाइल्यान्डबाट फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले ‘त्यस्तो केही नभएको’ प्रतिक्रिया दिएका हुन्। सञ्चारकर्मीहरूले ‘गठबन्धनमा केही समस्या भएको हो र ?’ भनी सोधेका प्रश्नमा देउवाले भने, ‘त्यस्तो केही भएको छैन। यो सबै हल्ला हो।’

‘सत्ता समीकरण परिवर्तन हुन्छ भन्ने छ नि ?’ भनेर सोधिएको अर्को प्रश्नमा उनले त्यसबारे आफूलाई थाहा नभएको जवाफ दिए।

यसैबीच, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले थाइल्यान्डमा सम्पन्न यूएनएसक्याप सम्मेलनमा आफूले गरेको अध्यक्षताले नेपालको अन्तर्राष्ट्रिय छवि सकारात्मक भएको प्रतिक्रिया दिएकी छन्।

थाइल्यान्डको बैंककमा वैशाख ८ देखि १२ गतेसम्म आयोजित संयुक्त राष्ट्रसंघीय एसिया तथा प्रशान्त क्षेत्रीय आर्थिक तथा सामाजिक आयोग (यूएनएसक्याप) को ८१औं सम्मेलनमा भाग लिएर शुक्रबार फर्किएपछि उनले उक्त कुरा बताएकी हुन्। उनका अनुसार सम्मेलनमा एसिया-प्रशान्त क्षेत्रको आर्थिक तथा सामाजिक विकासका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग आदानप्रदानबारे गम्भीर छलफल भएको थियो। उनले भूपरिवेष्टित तथा साना टापु राष्ट्रहरू सम्मिलित बैठकमा दिगो विकासका लक्ष्य (एसडीजी) हासिल गर्न सहयोगी उपायहरूबारे समेत छलफल भएको जानकारी दिइन्।

उनले भनिन्, ‘मैले स्मल आइल्यान्ड डेभलपिङ स्टेट्स, ल्यान्डलक्ड तथा न्यून विकसित मुलुकहरूको समूह (एलडीसी) को समेत अध्यक्षता गरेकी थिएँ। यो समूहमा ९२ देशहरू सामेल छन्। उक्त सत्रमा मैले अध्यक्षता गर्दा नेपालको अन्तर्राष्ट्रिय छवि केही हदसम्म सकारात्मक बनेको महसुस गरियो। हामी एलडीसी समूहको अध्यक्षसमेत हौं।’

» बाँकी पृष्ठ ६

# सामाजिक सञ्जालले गरे अटेर

## सरकारले दियो अन्तिम सातदिने अल्टिमेटम

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



सामाजिक सञ्जाल फ्रेमवर्कले दर्ता हुन अटेर गरिरहेका छन्। सरकारले पटकपटक उनीहरूलाई दर्ताको लागि आग्रह गर्दै आएको छ। तर विभिन्न बहानामा पन्छिँदै आएका छन्। पटकपटक आग्रह गर्दा पनि दर्ताको लागि नआएपछि सरकारको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले ७ दिनभित्र दर्ता नभए मेटालगायतका सामाजिक सञ्जाललाई नेपालमा प्रतिबन्ध लगाउने चेतावनी दिएका छन्।

मेटालगायत सामाजिक सञ्जाललाई नेपालमा दर्ता हुन आग्रहसहित पटकपटक सूचना जारी गरे पनि अटेर गरेको उनको भनाइ छ। तेस्रो पटकको सूचनाको मिति केही दिनअघि सकिएको छ। सरकारले अन्तिम पटक भन्दै सातदिने अल्टिमेटम दिएको छ। मन्त्री गुरुङले अबको ७ दिनभित्र दर्ता नभए नेपालमा प्रतिबन्ध लगाउने चेतावनी दिएका हुन्। मन्त्री गुरुङका अनुसार नेपालबाट पलपलमा पैसा गएकोले मेटाले नेपालमा दर्ता भई कर तिर्नुपर्ने हुन्छ। उनले विशेष जोड मेटालाई दिए पनि अन्य सामाजिक सञ्जाल पनि दर्ता हुन अटेर नै गरिरहेका छन्।

मेटाले नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) भन्दा आफ्नो आम्दानी धेरै भएको घमण्ड गरेको सञ्चारमन्त्री गुरुङको आरोप छ। उनले मुलुकको स्वाधीनता पैसामा जोड्न नसकिने बताए।

‘मेटा भन्नेबित्तिकै फेसबुक होला, म्यासेन्जर, ह्वाट्सएप, इन्ट्राग्राम होला, चलिरहेका छन्। यत्रो धेरै चलिरहेका छन्। हरेक घण्टामा यही समाजबाटै २-४ हजार पैसा गइरहेको होला मेटाको कार्यालयमा’, उनले भने, ‘नेपालमा सबैभन्दा बढी प्रयोग हुने फेसबुक, हाम्रो पलपलमा पैसा त्यसरी गएको छ। हाम्रो पैसा त्यसरी लुट्ने ? यहाँ हामीसँग दर्ता हुनु पर्दैन, कर तिर्नु पर्दैन ?’

सामाजिक सञ्जालबाट गलत कुरा पनि फैलिइरहेको उनको भनाइ छ। उनले भने, ‘गलत कुरा पनि आइरहेका छन्, फैलने गलत कुराहरू हामीले नियन्त्रण गर्नु पर्दैन ? पर्छ नि।’

पछिल्लो पटक मन्त्रालयले २०८१ चैत १२ गते सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न भन्दै नेपालभित्र सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मलाई ३० दिनभित्र सूचीकरण हुन सार्वजनिक सूचना जारी गर्‍यो। यसको म्याद सकिएको छ। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को दफा ३ मा सामाजिक सञ्जाल सञ्चालन गरेका वा गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरणका लागि आफैं वा आफ्नो प्रतिनिधिमार्फत सोही निर्देशिकाको अनुसूची- १ बमोजिमको ढाँचामा तोकिएका कागजात संलग्न गरी निवेदन दिनुपर्ने व्यवस्था छ। व्यक्ति, कम्पनी वा संस्थाले नेपालभित्र सम्पर्क विन्दु, आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्नुपर्ने प्रावधानसमेत निर्देशिकामा छ। फेसबुक, ह्वाट्सएप, बिच्याट, स्न्यापच्याट, टेलिग्राम, इन्स्ट्राग्राम, युट्युब, एक्सजस्ता सामाजिक सञ्जाल प्लेटफर्म दर्ता हुन आएका छैनन्। नेटफ्लिक्स, लिंकडिङ, थ्रेड्स, डिसकोर्ड, रेडडिटजस्ता प्लेटफर्म पनि दर्ता भएका छैनन्। सरकारले पटक-पटक दर्ताका लागि उनीहरूलाई आह्वान गर्दै आएको छ। यी दर्ता नहुँदा अर्बौं राजस्व गुमेको छ। उता सामाजिक सञ्जाल ऐन आउने तयारी छ। सामाजिक सञ्जालसम्बन्धी विधेयक राष्ट्रिय सभामा विचाराधीन छ।

नेपाल सरकारले पटकपटक दर्ताको लागि सूचना जारी गरे पनि दर्ताको लागि नआएको मन्त्री गुरुङले बताए।

» बाँकी पृष्ठ ६

## ब्राजिलका पूर्वराष्ट्रपति भ्रष्टाचारको आरोपमा पक्राउ

**ब्रासिलिया** (एजेन्सी) : ब्राजिलका पूर्वराष्ट्रपति फर्नान्डो कोलर डी मेलो भ्रष्टाचारको आरोपमा पक्राउ परेका छन्। उनलाई भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणको अभियोगमा अदालतले झन्डै ९ वर्षको जेल सजाय सदर गरेपछि शुक्रबार पक्राउ गरिएको हो।

ब्राजिलमा प्रजातान्त्रिक रूपमा निर्वाचित पहिलो राष्ट्रपति कोलोर डे मेलोलाई सन् १९९२ मा घूस लिएको आरोपमा महाभियोगको प्रक्रिया त्यहाँको कंग्रेसले सुरु गरेको थियो। जसका कारण उनले कार्यकालको आधा समयमै राजीनामा दिन बाध्य हुनु परेको थियो। प्रहरी स्रोतले दिएको जानकारी अनुसार ७५ वर्षीय उनलाई देशको उत्तरपूर्वी क्षेत्रबाट पक्राउ गरिएको हो। अदालतमार्फत पक्राउ आदेश खारेज गर्ने उनको प्रयासलाई बिहीबार अदालतले अस्वीकार गरेको थियो।

अभियोजकहरूले एक निर्माण कम्पनी र ब्राजिलको सरकारी तेल कम्पनी पेट्रोब्रासको पूर्वसहायक कम्पनीबीच ‘अनियमित रूपमा सम्झौता गर्न’ रकम लिएको आरोप लगाएका छन्। कोलर डी मेलो ब्राजिलको कानुनको उल्लंघन गर्ने पहिलो राष्ट्रपति भने होइनन्।

सन् १९६४ देखि १९८५ सम्म देशको नेतृत्व गरेका सातमध्ये चार जना राष्ट्रपतिलाई दोषी ठहऱ्याइएको, जेल चलान गरिएको वा महाभियोग लगाइएको थियो।

# लीलाधर सुवेदी : सचिव कि पार्टी कार्यकर्ता ?

**शिवराज भट्ट** | *धनगढी*




लीलाधर सुवेदी सुदूरपश्चिम प्रदेशका कानुन सचिव हुन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कानुन सचिवका रूपमा उनको दरबन्दी छ। तर उनी प्रदेश सरकारका कानुन सचिव हुन् ? या माओवादी कार्यकर्ता ? आम जनतामा चासोको विषय बनेको छ।

नेकपा माओवादी केन्द्रले हरेक वर्ष फागुन १ गते जनयुद्ध दिवस मनाउँछ। तर सरकारी रूपमा मनाउने भनिएको जनयुद्ध दिवस सर्वोच्चले खारेज गरिदिएको छ। २०८१ फागुन १ गते सचिव सुवेदीले एउटा तस्बिर पोस्ट गर्दै फेसबुकमा यस्तो स्टाटस हाले, ‘जनयुद्ध महान् थियो, महान् छ र महान् रहिरहनेछ। ३०औं जनयुद्ध दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।’ नेकपा माओवादी पार्टीले बनाएको ब्यानरको फोटो राख्दै सचिव सुवेदीले यस्तो स्टाटस हालेका हुन्।

गत सोमबारमात्रै उनले फेसबुकमा अब मध्यावधि चुनावमा देश जाने भन्दै भ्रम फैलाउने कार्य गरे। उनले फेसबुकमा लेखेका छन्, ‘अरूले के देख्छ थाहा छैन, तर मैले त देश मध्यावधि निर्वाचनतिर जाने पो देख्छु त।’ अहिले गठबन्धनको सरकार छ। त्यही सरकार मातहत उनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कानुन सचिवको रूपमा कार्यरत छन्। तर पनि उनले जनताको कामभन्दा पनि राजनीति बढी गरेको आरोप लाग्न थालेको छ।

उनका अराजक स्टाटस आउँदासमेत प्रदेशका मुख्यमन्त्रीले उनलाई न सचेत गराएका छन्, न कुनै स्पष्टीकरण सोध्ने हिम्मत नै गरेका छन्। उनले अहिलेको शिक्षक आन्दोलनलाई समर्थन गर्दै हरेक दिन फेसबुकमा स्टाटस हाल्ने गरेका छन्। ‘सरकारका सचिव कुनै पक्षको आन्दोलनमा समर्थन वा विरोध गर्नुहुन्छ, यो राष्ट्रसेवकभन्दा पनि राजनीति बढी भयो’, मुख्यमन्त्री कार्यालयकै एक कर्मचारीले भने।

उनी मुख्यमन्त्री कार्यालयका कानुन सचिवमात्रै होइनन्, उनलाई माघ २७ गते मन्त्रिपरिषद्ले प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवको समेत जिम्मेवारी दियो। उनले माघ २७ गते आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी सम्हाले। आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा नेकपा एमालेका तर्फबाट हीरासिंह सार्की मन्त्री छन्।

बजेटका बेला सेवानिवृत्त हुने तयारीमा रहेका सचिव सुशील वैद्य मंसिरको २२ गते सेवानिवृत्त भएपछि दुई महिनादेखि सचिवविहीन भएको मन्त्रालयमा मुख्यमन्त्री कमलबहादुर शाहले सुवेदीलाई सचिवको जिम्मेवारी दिएर खटाएका हुन्। तर उनले मन्त्रालयमा गएर काम गरेनन्। उनले मन नपरेका कर्मचारीलाई दुःख दिने, हाजिर निकालेर स्पष्टीकरण लिने, आफ्नै मन्त्रालयमा छड्के हान्ने काम गरे। तर केही कर्मचारीहरूलाई भने उनले ८ दिनको टीएडीए भरेर पैसा बुझ्न लगाएको पनि स्रोतले बताएको छ।

माघ २७ गते यता मन्त्री, उनको सचिवालय र अरू धेरै कर्मचारीहरूको टीएडीए पनि उनले दिन मानेनन्। उनले मन्त्रीसँग कुनै समन्वय नगरेपछि उनलाई सोमबारदेखि आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवको जिम्मेवारीबाट हटाइएको छ। उनको स्थानमा सहसचिव राजेन्द्र हमाललाई सचिवको जिम्मेवारी दिइएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। सुवेदीले अढाई महिनामा टीकापुर कृषि क्याम्पसको ५ अर्बको डीपीआर स्वीकृत गर्नुबाहेकको काम गरेनन्।

» बाँकी पृष्ठ ६